# चौरीदेउराली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

**करारमा पदपूर्ती सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०७८/०७/१५

यस चौरीदेउराली गाउँपालिकामा सि.एम.सि. नेपालको प्राविधिक सहयोग तथा स्वीस दुतावासको आर्थिक सहयोगमा यस गाउँपालिका मार्फत द्वन्द्ध पीडितहरुलाई मनोसामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्नका लागि तल उल्लेख गरे अनुसारको पदपुर्तिका लागि योग्यता पुगेका निवेदकहरुबाट १५ दिने सूचना आह्वान गरिएको छ । छनौट गरिएको उम्मेदवारलाई शुरुमा मनोसामाजिक परामर्शको तालिम प्रदान गरी मनोसामाजिक सेवा दिनका लागि परिचालन गरिनेछ।

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत

**क) पदको नाम तथा संख्या:** मनोसमाजिक कार्यकर्ता - २ जना

**योग्यता:**

१. तोकिएको योग्यता पुगेका द्वन्द पीडीत तथा तिनका परिवारका सदस्य (विशेष गरेर द्वन्दको गम्भिर असर परेकाहरु जस्तै परिवारका सदस्य द्वन्दमा गुमाएका वा वेपत्ता भएका तथा गम्भिर अङ्गभङ्ग भएकाहरुको परिवार) लाई प्राथमिकता ।
२. मान्यता प्राप्त विश्वविद्यालयवाट निम्न शैक्षिक योग्यता (राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तोकेको योग्यता)
३. हेल्थ असिस्टेन्ट, नर्सिङ्ग (पि.सि.एल वा व्याचलर), व्याचलर इन पब्लिक हेल्थ, बि.एड. हेल्थ एजुकेसन
४. व्याचलर इन साइकोलोजी, सोसिओलोजी, सोसल स्टडी, पी. जि. डी इन काउन्सेलिङ्ग
५. सामाजिक परिचालक वा समुदायमा मनोसामाजिक सहयोगको काम गरेको अनुभव भएकालाई प्राथमिकता दिइने छ ।
६. प्रभावित ब्यक्तिहरुको लागि समुदायमा मनोसामाजीक सहयोगको काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ।
७. महिलालाई ग्राहयता
८. इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।

**कार्य विवरण:**

१. द्वन्द्वको प्रभावको कारणले गर्दा मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरुको पहिचान गरी मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवा गाउँपालिकामा स्थापना गरिने मनोसामाजकि परामर्श केन्द्र मार्फत तथा घर भेटघाट गरी ब्यक्तिगत र समूहमा प्रदान गर्ने ।
२. सि.एम.सि. ले प्रदान गर्ने मनोसामाजीक परामर्श तालिम कोर्षको ढाँचा अनुसार अनिवार्य उपस्थित भएर तालिम लिने, मनोसामाजीक परामर्शको शिपहरुको सक्रिय पूर्वक सिकेर द्वन्द्ध प्रभावितहरुलाइ सेवा दिने।
३. कार्यक्षेत्रमा गरेका कार्यक्रमको प्रगति, चुनौती तथा सिकाईहरु नियमित रुपमा तोकिएको ढाँचामा तोकिएको सुपरभाईजरलाई र सम्बन्धित गाउँपालिकालाई प्रदान गर्ने ।
४. द्वन्द्व प्रभावित ब्यक्तिहरु संग प्रत्यक्ष सरोकार राख्ने स्थानीय निकाय सँग नियमित समन्वय तथा अन्तरक्रिया गर्ने ।
५. द्वन्द्ध प्रभावितहरुका लागि परियोजनाले आयोजना गर्ने आघात पीडा कम गर्ने खालका कृयाकलापहरुमा सहयोग तथा समन्वय गर्ने । यसका लागि द्वन्द्ध पीडित स्वयसेवकहरुको सहयोग लिएर कार्यक्रम आयोजना गर्ने ।

६. द्वन्द्व प्रभावित व्यक्तिहरुलाई आवश्यक पर्ने मानसिक स्वास्थ्य सेवाको लागि मानसिक रोग विशेषज्ञ सँग समन्वय गरी सि.एम.सि. नेपालले व्यवस्था गरेको स्वास्थ्य संस्था मार्फत मानसिक रोगको उपचार सेवा लिनका लागि आवश्यक समन्वय गर्ने ।
७. तोकिएको ढाँचामा मनोसामाजीक परामर्श सेवाको सेवाग्राहीको विवरण राख्ने, प्रतिवेदन तयार गरी गाउँपालिका र सि.एम.सि. नेपाललाई समयमा पठाउने ।
८. गाउँपालिकाको स्वास्थ्य शाखा तथा महिला वालवालिका शाखासँग आवश्यक समन्वय राखि मनोसामाजिक तथा मानसिक स्वास्थ्यको कृयाकलाप सञ्चालन गर्ने ।
९. गाउँपालिकाले कार्यक्रमको प्रभावकारीताका लागि गर्ने अनुगमन तथा सुपरिवेक्षण कार्यक्रममा आवश्यक समन्वय तथा सहयोग गर्ने ।

**छनौटको तरिकाः** प्रारम्भिक छनोटमा परेको उम्मेदवारहरुको लिखित तथा अन्तरवार्ता ।

**ख) पदको नाम तथा संख्याः** द्वन्द्व प्रभावित स्वयंसेवक - १ जना

**योग्यताः**

१. तोकिएको योग्यता पुगेका द्वन्द प्रभावित समुहवाट नै छान्नुपर्ने ।
२. शैक्षिक योग्यताः १० कक्षा उत्तीर्ण, द्वन्द प्रभावितहरुको समुहमा रहेर सक्रिय भई प्रभावीतहरुको सेवा तथा न्याय परिपूरणका प्रकृयामा सक्रिय भएकोलाई प्राथमिकता ।
३. गाउँपालिकामा रहेका द्वन्द प्रभावितहरुको वारेमा पर्याप्त जानकारी भएको हुनु पर्ने । मनोसामाजिक सहयोगको वारे जानकार भएकोलाई प्राथमिकता ।

**छनौटको तरिकाः** प्रारम्भिक छनोटमा परेको उम्मेदवारहरुको अन्तरवार्ता ।
**सेवा सुविधाः** सम्झौता बमोजिम हुनेछ ।

**दरखास्त फाराम पाइने स्थानः** चौंरीदेउराली गाउँपालिकाको कार्यालय ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रे वा **www.chaurideuralimun.gov.np** मा उपलब्ध हुनेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०७८/०७/२९ गते कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट)।

*नोटः छनौटको सम्पुर्ण अधिकार यस गाउँपालिकाको पदपूर्ती समितीमा रहने छ र सो को निर्णय नै अन्तिम हुनेछ ।*

अन्य जानकारीको लागि सम्पर्क यस गाउँपालिकाको कार्यालय वा ९८५१२४३०९१ र ९८५१३१००९२